**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 को पहिलो चरणको लागि मतदाता सूचीलाई हिजो मध्यरात्रिदेखि फ्रीज गरिएको छ।

२. असम, केरल र पुडुचेरीमा विधानसभा चुनाउको प्रचार आज साँझ 5 बजी समाप्त भयो। निर्वाचन आयोगको निर्देशन अनुसार, 'साइलेन्स पीरियड' लागू भएको छ।

३. भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा रक्षामन्त्री राजनाथ सिंहले पश्चिम बंगालमा तृणमूल कांग्रेसको शासन चाँडै समाप्त हुने बताउनु भएको छ।

४. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा विशेष गहन पुनरीक्षण प्रक्रिया पश्चात मतदाता सूचीबाट मतुआ र अल्पसंख्यक समुदायका मानिसहरूको नाम हटाइएको आरोप लगाउनु भएको छ।

५. तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले बंगाल विधानसभा चुनाउ-2026 "अनाचार बनाम विकास" औ "शोषण बनाम संघर्ष" -को लड़ाईँ रहेको बताउनु भएको छ।

**बंगाल विधानसभा चुनाउ - मतदाता सूची फ्रीज**

पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 को पहिलो चरणको लागि मतदाता सूचीलाई हिजो मध्यरात्रिदेखि फ्रीज गरिएको छ। मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले स्पष्ट पार्नु भएको छ, समय-सीमापछि न्यायाधिकरणको आदेश अनुरूप सूचीमा नाम सामेल नगरिएका मानिसहरूले यस चरणमा मतदान गर्न सक्ने छैनन्। यदि कुनै मतदाताको नाम न्यायाधिकरणको आदेशमा पछि जोड़िन्छ भने उसले भविष्यको चुनाउमा मतदान गर्ने सक्नेछ, तर यस चरणमा होइन। निर्वाचन आयोग अनुसार पुनरीक्षण प्रक्रिया अन्तर्गत 60 लाख मतदाताहरूको नाम जाँच गरिएको थियो जसमध्ये 58 लाख मामिलालालाई न्यायिक अधिकारीहरूले सुल्झाए। तथापि हटाइएका नामहरूको सठीक संख्या नबताइए पनि संकेत दिइयो कि विचाराधिन मामिलाहरूमा लगभग 45 प्रतिशत मामिलामा नाम हटाउनसक्छ। यस हिसाबले लगभग 27 लाख मतदाताहरूको नाम सूचीबाट हट्ने सम्भावना छ। प्रभावित मतदाताहरूलाई न्यायाधिकरणमा अपील गर्ने विकल्प दिइएको भए पनि आम मानिसहरूको लागि न्यायाधिकरणले पूर्ण रूपले कहिलेदेखि काम शुरू गर्नेछ, त्यसलाई लिएर अहिले पनि अनिश्चितता नै छ। सर्वोच्च न्यायालयको निर्देशमा न्यायाधिकरणहरूले अहिलेसम्ममा पाँचवटा मामिलाको सुनवाई गरिसकेका छन्। प्रस्तावित 19 न्यायाधिकरणमध्ये हाल मात्र 6-को लागि बुनियादी ढाँचा तयार हुन सकेको छ जसबाट उनीहरूको उपलब्धता र समय-सीमालाई लिएर प्रश्न उठिरहेको छ।
निर्वाचन आयोगले बतायो, सर्वोच्च न्यायालयले न्यायाधिकरण समितिलाई एक मानदण्ड संचालन प्रक्रिया तयार गर्ने निर्देश दिएको छ। अधिकारीहरूको भनाइ छ, यो प्रक्रिया तयार हुञ्जेलसम्ममा रहेका 13 न्यायाधिकरणहरूको ढाँचा पनि तयार गरिनेछ। तथापि सर्वसाधारण मानिसहरूको सुनवाई कहिलेदेखि शुरू हुन्छ, यसको स्पष्ट समय-सीमा दिइएको छैन।

## असम, केरल र पुडुचेरीमा चुनाउ प्रचार समाप्त

असम, केरल र पुडुचेरीमा विधानसभा चुनाउको प्रचार आज साँझ 5 बजी समाप्त भयो। निर्वाचन आयोगको निर्देशन अनुसार, 'साइलेन्स पीरियड' लागू भएको छ। यी तीन क्षेत्रहरू (असम-126, केरल-140, पुडुचेरी-30) मा कूल 296 सिटहरूको लागि मतदान 9 अप्रेलमा एकै चरणमा हुनेछ, जसको मतगणना 4 मईमा हुनेछ। जनप्रतिनिधित्व अधिनियम, 1951 धारा 126(1)(बी) अन्तर्गत मतदान हुनु 48 घण्टाअघि साइलेन्स पीरियड लागू हुन्छ। यस अवधि कुनै प्रकारको पनि चुनाउ प्रचार, टिभी-रेडियो प्रसारण, र्या ली वा मतदाताहरूलाई प्रभाव पार्नसक्ने सामग्रीको प्रसारणमा पूर्ण प्रतिबन्ध रहन्छ। असममा 126 विधानसभा सिटहरूको लागि 722 उम्मेदवारहरू चुनाउ लड़िरहेका छन्। नामांकन फिर्ता लिने अन्तिम दिन 67 उम्मेदवारहरूले आफ्नो नामांकन फिर्ता लिए। यीमध्ये केवल 59 जना महिला उम्मेदवार छन्, जुन कूल मतदाताको लगभग 8 प्रतिशत हो, जबकि महिला मतदाताको सहभागिता लगभग 50 प्रतिशत छ। राज्यमा कूल 2 करोड़ 50 लाख मतदाता छन्। केरला विधानसभाको 140 सिटका लागि 890 उम्मेदवारहरू चुनाउमा उत्रिएका छन्। प्रमुख राजनीतिक दलहरू बीचको प्रतिस्पर्धा त्रिकोणीय छ, जसले गर्दा चुनावी प्रतिस्पर्धा तीव्र बनेको छ। सरकार बनाउन 71 सिटको बहुमत आवश्यक छ। राज्यमा कूल 2.71 करोड़ मतदाता छन्।

पुडुचेरीमा 30 सिटका लागि चुनाउ भइरहेको छ, जसमा अनुसूचित जातिहरूका लागि आरक्षित पाँच सिटहरू सामेल छन्। सरकार बनाउन 16 सिटको बहुमत आवश्यक छ।

## पश्चिम बंगाल प्रचार अभियान

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा रक्षामन्त्री राजनाथ सिंहले पश्चिम बंगालमा तृणमूल कांग्रेसको शासन चाँडै समाप्त हुने बताउनु भएको छ। पश्चिम बंगालको उत्तर २४ परगना जिल्लाको ब्यारकपुरमा आयोजित एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुँदै श्री सिंहले तृणमूल कांग्रेसको १५ वर्षे कार्यकाल कुशासन र भ्रष्टाचारले भरिएको टिप्पणी गर्नु भयो। उहाँले आरोप लगाउनु भयो, तृणमूल कांग्रेसले पश्चिम बंगालमा घुसपैठ गर्नेहरूलाई समर्थन गरेको छ। उहाँले पश्चिम बंगालका जनतालाई आश्वासन दिनु भयो, यदि भाजपा सत्तामा आयो भने रोजगारी र औद्योगिकीकरण बढ्नेछ र राज्य सरकारी कर्मचारीहरूले तलब आयोगको सिफारिसबाट लाभ उठाउनेछन्। सार्वजनिक सभापछि श्री राजनाथ सिंहले पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको लागि भाजपा उम्मेदवारहरूले आफ्नो नामांकन दर्ता गराएपछि उप-विभागीय कार्यालयतर्फ जाने रोड शोमा पनि भाग लिनु भयो।

यसैबीच, तृणमूल कांग्रेस प्रमुख तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज आवास योजना अन्तर्गत पश्चिम बंगाललाई छुट्याइएको रकम निलम्बन गरिएकोमा भारतीय जनता पार्टीको आलोचना गर्नु भयो। मुख्यमन्त्री ममता ब्यानर्जीले विधानसभा चुनावका लागि आफ्नो पार्टीका उम्मेदवारहरूको समर्थनमा प्रचार गर्न नादिया जिल्लाको चकदहमा आयोजित ऱ्यालीमा भाग लिनु भयो। राज्य सरकारका विभिन्न योजनाहरू उद्धृत गर्नु हुँदै उहाँले तृणमूल कांग्रेस जन कल्याणको लागि प्रतिबद्ध रहेको दाबी गर्नु भयो। सुश्री ब्यानर्जीले आज पश्चिम बंगालका विभिन्न जिल्लाहरूमा धेरै सार्वजनिक सभाहरूमा भाग लिनु भयो।

## मुख्यमन्त्री ममता ब्यानर्जी

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज आरोप लगाउनु भयो, राज्यमा विशेष गहन पुनरीक्षण प्रक्रिया पश्चात मतदाता सूचीबाट मतुआ र अल्पसंख्यक समुदायका मानिसहरूको नाम हटाइएको छ। नदिया जिल्लाको चकदामा आयोजित एक चुनावी सभालाई सम्बोधन गर्नु हुँदै उहाँले भन्नु भयो, तृणमूल कंग्रेस ती मानिसहरूको साथमा रहनेछ जसको नाम यस विशेष पुनरीक्षण अभियानपछि मतदाता सूचीबाट हटाइएको छ। मुख्यमन्त्रीले दाबी गर्नु भयो, यो कारबाही विशेष समुदायलाई लक्षित गरेर गरिएको हो जसमा मतुआ, राजबंशी र अल्पसंख्यक वर्ग सामेल छन्। उहाँले भन्नु भयो, उहाँको पहल पश्चात उच्चतम न्यायालयमा मामिला उठाइयो जसको परिणामस्वरूप विचाराधिन लगभग 60 लाख मामिलामध्ये लगभग 32 लाख नामलाई फेरि मतदाता सूचीमा जोड़ियो।

यसबीच चुनाउ आयोगको नवीनतम आँकड़ा अनुसार विशेष गहन पुनरीक्षण प्रक्रियापछि राज्यमा लगभग 91 लाख मतदाताहरूको नाम मतदाता सूचीबाट हटाइएको छ।

उल्लेखनीय छ, 294 सदस्यीय पश्चिम बंगाल विधानसभाको लागि चुनाउ दुई चरणमा आगामी 23 अप्रेल र 29 अप्रेलमा भइरहेको छ भने यसको गणना आगामी 4 मईमा गरिनेछ।

**मुख्यमन्त्री ममता - पण्डित रवि शंकरलाई श्रद्धाञ्जली अर्पण**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आज सोशल मीडिया प्लेटफर्ममा विश्वविख्यात सितार वादक पण्डित रवि शंकरको जयन्तीमा उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। उहाँले आफ्नो सन्देशमा भन्नु भयो, पण्डित रवि शंकर एकजना महान संगीतकार मात्र थिएनन्, बंगालको नवजागरण कालको सांस्कृतिक धरोहरका महत्वपूर्ण प्रतिनिधि पनि थिए। उहाँले उनलाई "बंगाल एवं बंगालीहरूका गौरव" बताउनु हुँदै सश्रद्धा नमन गर्नु भयो। मुख्यमन्त्रीले अझ लेख्नु भएको छ, पण्डित रवि शंकरको सुर लहरीहरूले भारतीय शास्त्रीय संगीतलाई विश्व स्तरमा एक नयाँ पहिचान दिलायो।

**अभिषेक ब्यानर्जी - कुचबिहार**

कुचबिहार जिल्लाको नाटाबाड़ीस्थित तुफानगञ्ज आरएमसी ग्राउण्डमा आज आयोजित जनसभाबाट तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले भाजपालाई लक्षित गर्नु भयो। श्री अभिषेक ब्यनर्जीले बंगाल विधानसभा चुनाउ-2026 "अनाचार बनाम विकास" औ "शोषण बनाम संघर्ष" -को लड़ाईँ रहेको बताउनु भएको छ। श्री अभिषेकले भाजपा शासित राज्यहरूमा प्रवासी मजदुरहरूलाई 'बंगलादेशी' भनिएको तथा सीमा सुरक्षा बल (बीएसएफ)-माथि कथित अत्याचार गरिएको मुद्दा उठाउनु हुँदै केन्द्र सरकारमाथि चर्को प्रहार गर्नु भयो। जनसभामा उहाँले आरोप लगाउनु भयो, मतदाता सूचीबाट नाम हटाउने नाममा षड़यन्त्र रचिँदैछ। "अण्डर एडजूडिकेशनको नाममा 27 लाख नाम अवैध रूपमा काटिएको छ जसमा दश लाखभन्दा अधिक हिन्दू बंगालीहरू छन्। उहाँले भरोसा दिलाउनु भयो, मुख्यमन्त्री ममता ब्यानर्जीले हरेक नागरिकको भोटको अधिकार तथा मौलिक अधिकारको रक्षा गरिरहनु भएको छ।
श्री अभिषेक ब्यानर्जीले नाटाबाड़ीका भाजपा विधायक मिहिर गोस्वामीमाथि कटाक्ष गर्दै उहाँलाई "स्विच अफ विधायक"-को संज्ञा दिनु भयो। उहाँले आरोप लगाउनु भयो, पछिल्लो पाँच वर्षभित्रमा विधायकले क्षेत्रको लागि कुनै काम गरेनन्। यसको साथै भाजपा उम्मेद्वारलाई "बाहिर"-को बताउँदै उहाँले भन्नु भयो, तृणमूल प्रत्याशी शैलेन्द्रनाथ बर्मा स्थानीय निवासी हुन् जसलाई क्षेत्रको बारेमा राम्ररी थाहा छ। सभामा उर्लिएको भीड़लाई देखेर श्री अभिषेकले विश्वास व्यक्त गर्नु भयो, यसपाली पनि नाटाबाड़ीमा तृणमूल कंग्रेसको जीत तय छ।

**भाजपा नेता दिलीप घोष**

चुनाउ यसपाली निष्पक्ष र शान्तिपूर्वक हुनुपर्छ। सो मन्तव्य भाजपा नेता दिलीप घोषले आज मुख्यमन्त्री ममता ब्यानर्जीको एक बयानको जवाफस्वरूप व्यक्त गर्नु भएको छ। वास्तवमा हालैमा मुख्यमन्त्री ममता ब्यानर्जीले मुर्शिदाबाद जिल्लामा चुनाउ प्रचार गर्ने क्रममा सबै ईभीएम मशिनहरूको राम्ररी जाँच गर्ने कुरा गर्नु भएको थियो।

**सम्राट चोधरी - बंगाल**

बिहारका उपमुख्यमन्त्री सम्राट चोधरीले पश्चिम बंगाल चुनाउको सन्दर्भमा बयान दिँदै भारतीय जनता पार्टी (भाजपा)- को जीत हुने दाबी गर्नु भएको छ। आज पटनामा पत्रकारहरूसित बातचित गर्दै सम्राट चौधरीले भन्नु भयो, भाजपाको स्पष्ट मान्यता छ कि पश्चिम बंगाल सुनको बंगाल हो र बंगाललाई सुनको बंगाल बनाउने प्रक्रिया शुरू भएको छ।

**शंकर घोष - 'दिनयापन कार्यक्रम'**

विधानसभा चुनाउमा भारतीय जनता पार्टी (भाजपा)- का प्रत्याशी शंकर घोषले जनसम्पर्कलाई मजबुत बनाउनका लागि एउटा नयाँ पहल शुरू गर्नु भएको छ। 'दिनयापन कार्यक्रम' नामक सो अभियानको शुरुआत आज बिहान सिलगढ़ीको 46 नम्बर वार्डबाट गरियो। कार्यक्रमको प्रारम्भमा स्थानीय महान व्यक्तिहरूको प्रतिमामा माल्यार्पण गरियो। त्यसपछि शंकर घोषले क्षेत्रमा घुमेर जनतासित सोझै बातचित गरी उनीहरूको समस्यालाई सुन्नु भयो।

**तृणमूलको झण्डा च्यातेको आरोप**

सिलगढ़ीमा चुनावी माहोलबीच राजनीतिक तनाउ बढ्दै गइरहेको देखिन्छ। शहरको दश नम्बर वार्डस्थित नवीन सेन रोड क्षेत्रमा तृणमूल कंग्रेस पार्टीको झण्डा च्यातेर नालीमा फालिदिएको घटना प्रकाशमा आएको छ जसबाट क्षेत्रमा तनाउ फैलिएको छ। घटनाबारे सूचना पाएर आज सिलगढ़ीबाट तृणमूल कंग्रेसका उम्मेद्वार गौतम देव घटनास्थलमा पुगनु भएको थियो।**टीएमसी –**

**भाजपा उम्मेद्वार सोनम लामाको पक्षमा मिरिकमा ऱ्याली**

मिरिकमा आज भाजपा गठबन्धनको पक्षबाट एक विशाल ऱ्याली निकालियो। आले खेल मैदानबाट शुरू भएको ऱ्याली बजारमा पुगेपछि समापन गरियो। ऱ्यालीमा गठबन्धनका नेताहरूको सहभागिता रहेको थियो। यस अवधि भाजपा समर्थित उम्मेद्वार सोनम लामाको पक्षमा समर्थन जुटाइयो। भाजपा सांसद राजू बिष्ट र उम्मेद्वार सोनम लामाले दुई हात जोड़ेर मानिसहरूलाई अभिवादन गरे।
यस ऱ्यालीमा गोर्खा समुदायको एक जुटता स्पष्ट रूपमा देख्न पाइयो। मिरिकका मानिसहरूको उत्साहले यो संकेत गऱ्यो, उनीहरू यसपालि परिवर्तन चाहन्छन्। ‘‘मिरिक चाहन्छ वास्तविक परिवर्तन’’- को सन्देश सम्पूर्ण क्षेत्रमा गुञ्जिरह्यो।

**अमर लामाको चुनाव प्रचार**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले रंगबुल धोतरिया रंगमुक समष्टि अन्तर्गत मुण्डाकोठी चियाबारी, मुण्डा, बाँसघारी, सिडर्स, रंगमुक, चन्द्रमाधुरा क्षेत्रमा भ्रमण गर्दै चुनाव प्रचार गर्नु भएको छ। यस चुनावी प्रचारमा रंगबुल धोतरिया रंगमुक समष्टिको सभासद एंव जीटीएको डेपुटी चेयरम्यान राजेस चौहान, भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको खरसाङ महकुमा समितिको सभापति सुमन बम्जन लगायत अन्यहरु उपस्थित रहेका थिए।

बन्दना राई - खरसाङ महकुमा अस्पतालको भ्रमण

खरसाङ विधानसभा समष्टिको लागि इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) की उम्मेदवार बन्दना राईले आज बिहान आफ्नो चुनाउ प्रचारको क्रममा खरसाङ महकुमा अस्पतालको भ्रमण गर्नु भयो।

**********